आर्थिक वर्ष : २०८१/८२
बैठक संख्या :७

आज मिति २०८१/०९/२४ गतेका दिन बिरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति:**

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य.
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री डन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्गा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री भेषराज आचार्य सदस्य सचिव प्र.प्र.अ.

अन्य उपस्थिति

श्री पिताम्बर पोखेल प्रशासकीय अधिकृत
श्री भेष बहादुर जि.टी. प्रशासकीय अधिकृत
श्री दिपक ढुङ्गाना बरिष्ठ प्रशासन सहायक
श्री शंकर चापागाई आर्थिक प्रशासन शाखा प्रमुख
श्री सन्तोस पौडेल कार्यालय सहयोगी

मिति :२०८१/०९/२४

**प्रस्ताव नं. १**

आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रम संशोधन सम्बन्धमा।

**निर्णय नं. १**

विरुवा गाउँपालिकाको आ.व. २०८१/८२ को संशोधित बजेट तथा कार्यक्रम स्वीकृत गरी गाउँसभाको १६ औं अधिवेशनमा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**प्रस्ताव नं. २**

विरुवा गाउँपालिकाको आ.व. २०८१/८२ को अर्धवार्षिक प्रतिवेदन सभामा पेश गर्ने सम्बन्धमा।

**निर्णय नं. २**

विरुवा गाउँपालिकाको आ.व. २०८१/८२ को अर्धवार्षिक प्रतिवेदन स्वीकृत गरी गाउँसभाको १६ औं अधिवेशनमा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**प्रस्ताव नं. ३**

न्यायिक समितिको प्रतिवेदन सभामा पेश गर्ने सम्वन्धमा।

**निर्णय नं. ३**

विरुवा गाउँपालिकाको न्यायिक समितिको वार्षिक प्रतिवेदन स्वीकृत गरी गाउँसभाको १६ औं अधिवेशनमा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**प्रस्ताव नं. ४**

अनुगमन समितिको प्रतिवेदन सभामा पेश गर्ने सम्वन्धमा।

**निर्णय नं. ४**

विरुवा गाउँपालिकाको अनुगमन समितिको प्रतिवेदन स्वीकृत गरी गाउँसभाको १६ औं अधिवेशनमा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**प्रस्ताव नं. ५**

आन्तरिक नियन्त्रण निर्देशिका, २०८१ को मस्यौदामाथी छलफल सम्वन्धमा।

**निर्णय नं. ५**

विरुवा गाउँपालिकाको आन्तरिक नियन्त्रण निर्देशिका, २०८१ को मस्यौदामाथी व्यापक छलफल गरी स्वीकृत गरीयो साथै उक्त आन्तरिक नियन्त्रण निर्देशिका, २०८१ लाई अनुमोदनका लागि गाउँसभाको १६ औं अधिवेशनमा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।

आचार्य
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

विरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

**प्रस्ताव नं. ६**

आ.व. २०८२/८३ को राजश्व तथा आय व्ययको प्रक्षेपण अनुमोदन सम्बन्धमा।

**निर्णय नं. ६**

विरुवा गाउँपालिकाको राजश्व परामर्श समितिको बैठकबाट गरिएको आगामी आ.व. २०८२/८३ को राजश्वको अनुमान तथा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकबाट गरिएको आगामी आ.व. २०८२/८३ को आय व्यको प्रक्षेपणलाई सर्वसम्मतिले अनुमोदन गरियो।

**प्रस्ताव नं. ७**

सामुदायिक महिला स्वास्थ्य स्वंयमसेविका सम्मान सम्बन्धमा।

**निर्णय नं. ७**

विरुवा गाउँपालिका अन्तर्गत लामो समयदेखी सेवारत सामुदायिक रही गत आ.व. मा अवकास प्राप्त सामुदायिक स्वास्थ्य स्वयंमसेविकाहरुलाई उनीहरुको सेवा र योगदानको कदर गर्दै १६ औं गाउँसभाको अवशरमा जनही रु ४० हजार सहित सम्मान गर्ने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं. ८**

दोभान घाटको ढुङ्गागिटी उत्खनन् गरी डम्पिङ गर्ने सम्बन्धमा।

**निर्णय नं. ८**

जिल्ला प्रशासन कार्यालय, स्याङ्जाको मिति २०८१/०९/२२, च.नं.३०६५ को पत्रको व्यहोरा बमोजिम विरुवा गाउँपालिका वडा नं १ स्थित दोभान घाटमा रहेको ढुङ्गा, गिटी, बालुवा (दहत्तर बहत्तर) उत्खनन् तथा संकलनका लागि मेसीन प्रयोग गरी डम्पिङ गरी बिक्रिवितरणका लागि अनुमती प्राप्त भएकोले उक्त स्थानको ढुङ्गा, गिटी, बालुवा (दहत्तर बहत्तर) उत्खनन् तथा संकलन गरी प्रस्तावित विरुवा बसपार्क रहेको स्थानमा डम्पिङ गर्ने र सोही स्थानबाट नियमानुसार घाटगद्धी गरी बिक्रिवितरणको व्यवस्था मिलाउने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं. ९**

पालिका स्तरीय अस्पतालको कर्मचारी दरबन्दी स्वीकृत गर्ने सम्बन्धमा।

**निर्णय नं. ९**

विरुवा गाउँपालिका वडा नं. ६ चिन्नेवासमा संचालन हुने १० बेडको गाउँपालिकास्तरीय अस्पतालमा संलग्न बमोजिम पद र संख्यामा कर्मचारी रहने गरी दरबन्दी संरचना स्वीकृत गरी गाउँसभामा सिफारिस गर्ने सर्वसहमतिले निर्णय गरियो ।

...राज आचार्य
प्रमुख प्रशा... अधिकृत

विरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

**प्रस्ताव नं. १०**

विभिन्न स्थानमा प्रस्तावित नयाँ ट्र्याक निर्माणमा प्राविधिक प्रतिवेदन (सिफारिस) सम्बन्धमा।

**निर्णय नं. १०**

विरुवा गाउँपालिकाको आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रममा नयाँ ट्र्याक निर्माणका लागि बजेट विनियोजन भएका योजनाहरुको कार्यान्वयनका लागि प्राविधिक शाखाबाट स्थलगत निरिक्षण गरी तपसिल बमोजिको प्रतिवेदन कार्यपालिका समक्ष पेश गरेकोले सोही प्राविधिक प्रतिवेदन बमोजिम गर्ने गराउने सर्वसहमतिले निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | वडा नं. | योजनाको नाम | फिल्डको अवस्था | कार्यन्वयन |
|---|---|---|---|---|
| १ | २ | ओडार गैडा धर्तिपाटे खोपचरा घडेरी कृषि सडक (सि.नं. १२३) | उक्त ठाउँमा बिभिन्न समयमा माटो खसि पहिरो गईरहेको अबस्थामा पुनः नयाँ कटिङ गर्दै गर्दा राङखोला बिरुबा जोड्ने मुल बाटोलाई नै प्रत्यक्ष जोखिम पर्न जाने देखिन्छ। | उपयुक्त नहुने |
| २ | ४ | पाखुरेडाडाँ मनकामना मन्दिर मोटरेबाटो निर्माण (सि.नं. २९४) | उक्त स्थानमा कटिङ गर्दा हालको अवस्थामा खासै ठुलो कठिनाई नरहेको देखिन्छ। | गर्न सकिने |
| ३ | ४ | कोखे पोखरीडाडाँ देखि बेरुवा सम्मको मोटरबाटो निर्माण (सि.नं. २८९) | उक्त योजना अघि बढाउदै गर्दा भन्ज्याङ बाहु जाने मेन बाटोको तलबाट लग्नु पर्ने र गत बर्खा सोहि ठाउमा माथि बाट ठुलो पहिरो गइसकेको हुदाँ पुनः कटिङ गर्दा सो पाहिरोले अझ ठुलो रुप लिन सक्ने देखिन्छ। | उपयुक्त नहुने |
| ४ | ५ | दुखुई मोटरबाटो निर्माण (सि.नं. ३२६) | उक्त स्थानमा कटिङ गर्दा हालको अवस्थामा खासै ठुलो कठिनाई नरहेको देखिन्छ। | गर्न सकिने |
| ५. | ५ | भलडाडाँ गार्मिण सडक (तारापति चोक) मोटरबाटो निर्माण (सि.नं. ३२८) | उक्त स्थानमा तल माथि नै बस्ति रहेको हुदाँ कटिङ गर्दै गर्दा मानबिय एबम भौतिक क्षति हुन जाने देखिन्छ। | उपयुक्त नहुने |
| ६ | ८ | आरुखर्क पाँउदीखोला ग्रामिण सडक (सि.नं. ४०८) | उक्त स्थानमा तल ठुलो बस्ति रहेको र गत बर्ष पनि पहिरो खसेको र बाटोको गेड मिलाएर लग्न समेत नसकिने खालको भुगोल रहेको। | उपयुक्त नहुने |

लेखराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङजा
गण्डकी प्रदेश, नेपाल
२०७३

**<u>प्रस्ताव नं. ११</u>**

गाउँपालिकाको नामको हिज्जे परिवर्तनका लागि सभामा पेश गर्ने सम्बन्धमा ।(विरुवा लाई बिरुवा कायम गर्ने)

**<u>निर्णय नं. ११</u>**

विरुवा गाउँपालिकाको हाल प्रयोग भएको नाममा विरुवा कायम भई कार्यालयको नाम, आधिकारिक कागजात, लेटरहेड लगायतमा प्रयोग भई आएकोमा उक्त शब्द नेपाली व्याकरण अनुसार शुद्ध शब्द नभएको र नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अभिलेखमा भएको हिज्जे विवरण पठाउँदा नेपाली व्याकरण अनुसारको शुद्ध शव्द बिरुवा रहेकोले गाउँपालिकाको नाम बिरुवा कायम गर्दै कार्यालयको नाम, आधिकारीक कागजात र लेटरहेडमा प्रयोग गर्नेगरी गाउँसभा समक्ष सिफारिस गर्ने निर्णय गरियो।

**<u>प्रस्ताव नं. १२</u>**

स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कन (LISA) को नतिजामाथी छलफल सम्बन्धमा।

**<u>निर्णय नं. १२</u>**

विरुवा गाउँपालिकाको आर्थिक बर्ष २०८०/८१ को स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कन (LISA) को प्रारम्भिक नतिजाबाट प्राप्त औषत अंक ७७.२५ सहित थप पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिमा पेश भएकोमा जिल्ला समन्वय समितिबाट पृष्ठपोषणपश्चात उक्त नतिजा सार्वजनिक गर्ने निर्णय गरियो।

**<u>प्रस्ताव नं. १३</u>**

FRA को प्रारम्भिक नतिजामाथी छलफल सम्बन्धमा।

**<u>निर्णय नं. १३</u>**

विरुवा गाउँपालिकाको आर्थिक बर्ष २०८०/८१ को बित्तिय जोखिम मूल्याङ्कन (FRA) को प्रारम्भिक नतिजामाथी छलफल गरी उक्त नतिजा (औषत अंक ८७.०) थप पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिमा पेश गर्ने निर्णय गरियो ।साथै जिल्ला समन्वय समितिबाट पृष्ठपोषणपश्चात उक्त नतिजा सार्वजनिक गर्ने निर्णय गरियो।

तेजराज आचार्य
प्रमुख [illegible] अधिकृत

**प्रस्ताव नं. १४**

अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार छनौट समितिको सिफारिस सम्बन्धमा।

**निर्णय नं. १४**

विरुवा गाउँपालिका उत्कृष्ठ कृषक छनौट समितिले विरुवा गाउँपालिका भित्रका कृषि तथा पशुपंक्षी फर्ममध्ये उत्कृष्ठ कृषि तथा पशुपंक्षी फर्मको रुपमा कार्यपालिका समक्ष सिफारिस गरेका तपसिल कृषि तथा पशुपंक्षी फर्मलाई उत्कृष्ठ फर्मको रुपमा छनौट गरी गाउँसभाको १६ औं अधिवेशनमा पुरस्कृत गर्ने निर्णय गरियो।

तपसिल :

| क्र.स. | फर्मको नाम | विधा | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | बेमौसमी तथा सुन्तला नर्सरी विरुवा फर्म | कृषि तर्फ | विरूवा-७ | |
| २. | गैरी पशु तथा माछापालन फर्म | पशुपंक्षी तर्फ | विरूवा-६ | |

CamScanner